मा० मन्त्री ~~स्तर~~ मुख्यमन्त्री स्तरबाट
स्वीकृत मिति:- २०८१/०८/०२

"सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रम सञ्चालन कार्यविधि ,२०८१"

प्रस्तावना:

विद्यालयमा भौतिक पूर्वाधार मात्र विकास नभै सामाजिक पक्षलाई पनि विकासको रूपमा लिन सचेतना विकासको कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरी सुशासन वृद्धि गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेश सरकार विनियोजन ऐन, २०८१ को दफा १० (२) बमोजिम मन्त्रालयले यो कार्यविधि बनाई लागु गरिएको छ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यान्वयन समिति "भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठित समितिलाई संझनुपर्दछ।

(ख) "डिभिजन कार्यालय" भन्नाले सामाजिक विकास डिभिजन कार्यालय संझनुपर्दछ ।

(ग) "सचेतना" भन्नाले सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि विद्यालयको सुधारमा सरोकारवालाहरुको भुमिकाको अनुभुती गराई सकारात्मक भुमिका खेल्न सक्ने तत्परतालाई जनाउदछ ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ। सो शब्दले शिक्षा हेर्ने मन्त्रालयलाई जनाउँदछ ।

(ङ) "सरोकारवाला" भन्नाले शिक्षाको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अनुबन्धित शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति/ शिक्षक अभिभावक संघ, आमा समुह, बालक्लव, नागरिक समाज लगायतलाई जनाउदछ ।

(च) "सामाजिक पूर्वाधार" भन्नाले विद्यालयको भौतिक पूर्वाधार बाहेक सरोकारवालाहरुको विद्यालय सञ्चालन र विद्यार्थी सिकाइ उपलब्धी सुधारमा गर्नुपर्ने मानवीय सम्बन्ध उत्प्रेरणा जवाफदेहिता संचार सीप जस्ता कुराहरु समेतलाई जनाउदछ ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## परिच्छेद– २

## कार्यक्रमको उद्देश्य तथा सञ्चालन प्रकृया

**३. कार्यक्रमको उद्देश्य:** (१) सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रमले सामुदायिक विद्यालय शिक्षाको सुधारमा सामाजिक पूर्वाधार विकास सम्बन्धी सचेतना विकास गरी सबै सरोकारवालाहरुको सकृय सहभागिता बढाई विद्यालयमा सुशासन कायम गर्नु । यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

क) सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि शैक्षिक सरोकारवालाहरुलाई विद्यालय शिक्षा सुधारका लागि आ-आफ्नो भुमिका पहिचान गरी विद्यालयमा सुशासन कायम गर्ने।

ख) विद्यालयका विविध आयामहरु जस्तै शैक्षिक, सामाजिक, आर्थिक, मानवीय लगायतको पक्षमा प्राप्त हुन सक्ने सहयोगलाई विद्यालयको वृहत्तर हितका लागि उपयोग गरी विद्यालयमा सुशासन कायम गर्न सहयोग गर्ने ।

ग) सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रम सञ्चालनमा सरलता तथा प्रभावकारिता ल्याउने ।

**४.सञ्चालन प्रक्रिया:** (१) डिभिजन कार्यालयले यस कार्यविधिमा आधारित भई सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रम कार्यान्वयनका लागि निम्नानुसारको प्रकृया अपनाउनेछ ।

क) विद्यालयमा सुशासनका लागि सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुका कमजोर पक्षमा सामाजिक पुर्वाधार विकासका विषयबस्तुहरु पहिचान गरी सूचिकृत गर्ने ।

ख) सूचिकृत विषयबस्तुमा सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोत सामग्रीको विकास गरी उक्त सामग्रीको प्रकाशन गर्ने,

ग) छानिएका विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गर्न रोष्टर तयार गर्ने र छानिएका रोष्टरहरुको क्षमता विकास गर्ने,

घ) छानिएका विद्यालयहरुमा पत्राचार गरी कार्यक्रम सञ्चालन गरी सुधारका क्षेत्रहरुमा आचर संहिता वा कार्य प्रतिवद्धता लिखित रुपमा लिने।

ङ) यस सचेतना कार्यक्रमबाट विद्यालयहरुमा भएका गतिविधिहरुको सामयिक समीक्षा गरी प्रतिवेदन तयार गर्ने ।

## परिच्छेद ३

### समिति गठन र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

५.**कार्यान्वयन समिति**ः (१) सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछः

(क) डिभिजन प्रमुख, सामाजिक विकास डिभिजन कार्यालय — संयोजक

(ख) प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाइ — सदस्य

(ग) शिक्षा प्रतिनिधि स्थानीय पालिका — सदस्य

(२) समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

६.**समितिको काम, कर्तव्य र अधिकार**ः (१) दफा ५बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) सुशासनका लागि विद्यालयमा सामाजिक पूर्वाधारको विकासका लागि सचेतना कार्यक्रमको उद्देश्यमुलक कार्यान्वयनका लागि नीतिगत सहजीकरण गर्ने,

ख) कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरुको छनौट गर्ने।

ग) विषयबस्तुको संकलन परिमार्जन र प्रकाशन गर्ने।

घ)रोष्टरहरुको तयार गरी कार्यक्रमका बारेमा अभिमुखीकरण गर्ने,

ङ) कार्यक्रमको अनुगमन मुल्याङ्कन गरी प्रभावकारी बनाउन थप रणनीतिको विकास गर्ने,

च) कार्यक्रमको प्रभावकारीता अनुगमन गर्ने तथा त्यसको जानकारी प्रदेश सामाजिक विकास मन्त्रालयमा जानकारी गराउने,

छ) यस प्रकृतिका कार्यमा सहयोग गर्न चाहने स्थानीय स्तरमा अन्य संघ सस्था सँग समन्वय तथा सहकार्य गर्ने,

ज) विद्यालयमा गई योगदान गर्ने सरोकारवालाहरुको अभिलेख व्यवस्थित गरी प्रोफाइल निर्माण गर्ने,

## परिच्छेद–५
## विविध

७. <u>पदाधिकारी सुविधाः</u> (१) यस कार्यविधि अनुसार गठित विभिन्न समितिका पदाधिकारीले प्रचलित कानुन बमोजिम प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ बमोजिम बैठक भत्ता पाउनेछन ।

८. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा कुनै विषय अष्पष्ट भएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. कार्यबिधिको परिमार्जनः यस कार्यबिधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन वा परिमार्जन गर्न सक्नेछ।

१०. बाधा अड्काउ फुकाउः यस कार्यविधिको प्रयोग वा कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।